नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नुवाकोट

फोन नं. : ०१०-५६०३३३
०१०-५६०२६६
फ्याक्स नं : ०१०-५६००३३
इमेल : nuwakotcdo@gmail.com
वेबसाइट:daonuwakot.moha.gov.np

पत्र संख्या : ०७७/७८ मितिः २०७८।०१।१९

## कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जीवन प्रसाद दुलालबाट जिल्लाभर लागू हुने गरी जारी गरिएको आदेश

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ प्रकारको कोभिड-१९ को संक्रमण नुवाकोट जिल्लामा समेत देखिएकोमा हाल कोभिड-१९ को सक्रिय संक्रमित व्यक्तिको संख्या यस जिल्लामा १८५ पुग्नुका साथै १ जनाको दुःखद निधन समेत भइसकेको छ ।सर्वसाधारण नागरिक एवं स्वास्थ्यकर्मी, राष्ट्रसेवक, शिक्षक, व्यवसायी, सञ्चारकर्मी, जनप्रतिनिधि लगायत सबै क्षेत्रका व्यक्तिमा कोकोभिड-१९ संक्रमण देखिएको र समुदायस्तरमा फैलिरहेको छ ।

काठमाडौं स्थित स्वास्थ्य सेवा प्रदायक अस्पतालहरु समेत संक्रमित विरामीहरुले भरिभराउ भइसकेको र आइ.सी.यू तथा भेन्टिलेटर सेवा पर्याप्त नभएको तथा यस जिल्लामा पनि स्वास्थ्य सम्वन्धी साधन श्रोत समेत सिमीत मात्रामा रहेको सन्दर्भमा कोभिड-१९ संक्रमणले सृजना भएको जटिल परिस्थितिलाई समेत मध्यनजर गर्दै नुवाकोट जिल्लालाई कोभिड-१९ को सम्भावित उच्च जोखिमबाट जोगाउन २०७८।०१।२१ गते बिहान ०४.०० बजेदेखि २०७८/०१/२७ गते राति १२ बजेसम्मका लागि नुवाकोट जिल्लाभर लागू हुने स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन २०२० को दफा २ बमोजिमको अधिकार प्रयोग गरी तपसिल अनुरुप गर्न गराउन यो आदेश जारी गरिएको छ। यो आदेशको बर्खिलाप भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः-

### निषेधित कार्यहरु

**सार्वजनिक भेला, जमघट, समारोह सम्बन्धी**

(क) सबै प्रकारका भेला, सम्मेलन, धार्मिक, सांस्कृतिक, सामाजिक गतिविधिहरु गर्नका लागि हुने जमघटहरु गर्न गराउन नपाइने ।

(ख) सार्वजनिक खेलकूद, नाच, मेला, जात्रा, महोत्सव, भोजभतेर र हाटबजार तथा भीडभाड हुने कार्यक्रमको आयोजना तथा सञ्चालन गर्न नपाइने,

प्रमुख जिल्ला अधिकारी

(ग) मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्च आदिमा सामूहिक भेला हुन, सामूहिक रुपमा आश्रय लिइ बस्न तथा सामूहिक भेला हुने खालका कुनै किसिमका कार्यक्रम गर्न नपाइने ।

(घ) कुनैपनि प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, मानिसहरु भेला हुन, जुलुश वा प्रर्दशन जस्ता कार्य गर्न गराउन नपाइने,

(ङ) रङ्गशाला, खेलकूदस्थल, मनोरन्जन स्थल, कवर्ड हल, फुटसल, शारीरिक सुगठन गर्ने स्थल, स्वीमिङ्ग पुल तथा जिमखाना, फिटनेस सेन्टर, सामूहिक खेलकूद, पार्टी प्यालेस, सैलुन तथा ब्युटिपार्लरहरु सञ्चालन गर्न नपाइने,

(च) विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र लगायतका संस्थामा विद्यार्थी/शिक्षक भौतिक रुपमा भेला भई/गराई सिकाइ गतिविधि संचालन गर्न नपाइने।

सार्वजनिक तथा निजी सवारी संचालन सम्बन्धमा

(क) सार्वजनिक तथा निजी यात्रुवाहक सवारी साधन संचालन गर्न नपाइने।

(ख) खाद्यवस्तु, पानी तथा अत्यावश्यक सामाग्री बोकेका ढुवानीका सवारी साधान, बिरामी तथा कुरुवा (बढीमा २ जना) बोकेको एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सवारी साधन यस जिल्लामा प्रवेश गर्न रोक लगाउने।

(ग) नेपाल सरकारले तोकेको मापदण्ड विपरीत बढी भीडभाड हुने गरी व्यापार, व्यवसाय, निर्माण कार्य गर्न र श्रमिकहरुको ओसारपसार तथा प्रयोग गर्न नपाइने ।

(घ) तोकिएको स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगरी/नगराई संचालन अनुमति प्राप्त सवारी साधन प्रयोग तथा सञ्चालन गर्न नपाइने,

अत्यावश्यक खाद्य सामग्री सम्बन्धमा

खाद्य सामग्री, तरकारी, फलफूल, औषधि (भेटनरी समेत) र स्वास्थ्य सामग्री सम्बन्धी पसल व्यवसाय बाहेक अन्य पसल व्यवसाय हाललाई बन्द गर्ने र संचालन गर्न पाइने पसल व्यवसाय नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने गराउने गरी बिहान ५ बजे देखि १० बजे सम्म र बेलुकी ५ देखि ७ बजे सम्ममात्र खुल्ला गर्ने ।

अन्य विषय

यस जिल्लामा प्रवेश गर्ने व्यक्तिहरुले अनिवार्य रुपमा स्थानीय तहले तोकेको क्वारेन्टिन र होम आइसोलेसनमा बस्नु पर्ने ।

## गर्न पाइने कार्यहरु

(क) जिल्ला भित्रका सरकारी, निजी तथा गैरसरकारी क्षेत्रले आ-आफ्नो निकायबाट प्रदान गरिने अतिआवश्यक सेवा हाललाई स्वास्थ्य मापदण्ड अपनाई न्यूनतम जनशक्तिबाट प्रवाह गर्ने।

प्रमुख जिल्ला अधिकारी

(ख) विवाह तथा व्रतबन्धको हकमा बढी १५ जनासम्म (विवाहमा दुवैपक्षका गरी) स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी जिल्ला प्रशासन कार्यालयको अनुमति लिएर मात्र गर्न ।

(ग) विवाहसम्बन्धी कार्यक्रमका लागि अन्य जिल्लामा जानु पर्ने भएमा वेहुला, वेहुली र चालक सहित बढीमा ७ जनाको लागि स्थानिय तहको सिफारिस सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(घ) जिल्ला भित्रका सरकारी, निजी तथा गैरसरकारी क्षेत्रले आफ्नो आफ्नो निकायबाट प्रदान गरिने अतिआवश्यक सेवा सञ्चालन तथा व्यवस्थापन गर्न निर्धारित प्रक्रिया, समय र मापदण्ड अनुरुप तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गराई सेवा प्रदान गर्ने

(ङ) अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दूध तथा दुग्धजन्य पदार्थ, बैंक, वित्तीय संस्था, दूरसंचार, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, कुरियर, डाँक फोहरमैला व्यवस्थापन, लगायतका ढुवानीका साधन जिल्ला भित्र संचालन गर्न पाउने ।

(च) विकास निर्माण कार्यमा प्रयोग हुने सामाग्री ढुवानीका साधन संचालन गर्न पाइने तर निर्माण कार्यमा प्रयोगहुने जनशक्तिलाई कार्यस्थल मै बस्ने खाने व्यवस्था व्यवस्थापक स्वयंले गरी स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर कार्य गर्न पाउने ।

(छ) सरकारी कार्यालय, बैंक, वित्तिय संस्था तथा अत्यावश्यक सार्वजनिक सेवा प्रदायक संस्थाको कर्मचारीको हकमा कर्मचारी परिचय पत्र प्रयोग गरी कार्यालय प्रयोजनमा जिल्ला भित्र आवागमन गर्न पाइने ।

(ज) चल्ला, दाना, अण्डा, कुखुरा तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गरी ढुवानीका गर्न पाइने ।

(झ) अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हवाइटिकट, पासपोर्ट र भिषा हुनेलाई सिधै एयरपोर्ट जाने सवारी साधनको लागि सहजीकरण गरिने ।

(ञ) संचारकर्मी, पत्रकारहरुको हकमा सूचना संकलन र सम्प्रेषण गर्न सूचना विभागले जारी गरेको परिचयपत्रको आधारमा आवत जावत गर्न दिने ।

(ट) माथि उल्लेखित बाहेक अन्य अत्यावश्यक काम (अस्पतालमा आउने जाने विरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य रुपमा सहभागी हुनुपर्ने) का लागि सवारी साधन प्रयोग गर्नुपरेमा प्रमुख जिल्ला अधिकारीबाट जारी हुने अनुमति पत्र लिनु पर्ने। अनुमति माग्दा निवेदन, स्थानिय तहको सिफारिस र अस्पतालको कागजात समेत पेश गर्नु पर्नेछ। जिल्ला बाहिर आवत जावतको लागि अनुमति उपलव्ध गराइने छैन ।

माथी उल्लेखित आदेशका साथै नेपाल सरकार मन्त्रिपरिषद्बाट COVID-19 को नियन्त्रण सम्बन्धमा कुनै आदेश जारी भएमा सोही बमोजिम हुनेछ ।

..........................

(जीवनप्रसाद दुलाल)
प्रमुख जिल्ला अधिकारी